नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रक कार्यालय**
(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७७/०७८
च.न. : ३६६

मिति : २०७८/०३/१७

विषय : भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै
श्री प्रदेश लेखा ईकाई कार्यालय, सबै

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको पत्र संख्या २०७७।७८ चन ८८२ मिति २०७८।०३।१५ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि भुक्तानी निकासा बन्द गर्ने र अत्यावश्यक देखिएमा प्रमाणका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था गरेकोमा प्रदेश र स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (७) ले आर्थिक बर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा त्यस पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था नगरेकोले सो सम्बन्धमा प्रदेश र स्थानीय सरकारको हकमा नीतिगत निर्णय हुन महालेखा नियन्त्रक कार्यालयबाट अर्थ मन्त्रालयमा पेश भएकोमा उल्लेखित नियमावलीको नियम ३०(२) को व्यवस्था प्रदेश तथा स्थानीय सरकारको हकमा लागु नहुने र यस विषयमा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावलीको प्रतिकुल नहुने गरी कानुन तर्जुमा गर्न सक्ने मिति २०७८।०३।१५ को माननीय उपप्रधान तथा अर्थ मन्त्रिस्तरीय निर्णय भई आएको हुँदा सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु गराउनु हुन अनुरोध छ।

डिल्ली अधिकारी
लेखा अधिकृत

बोधार्थ
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं

टेलिफोन नं. :- ०१ ४७७१२९०, ४७७०८९५, ४७७०३८६ (ext - २१९), फ्याक्स : - ०१ ४७७१२९१,
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# कोष तथा लेखा नियन्त्रक कार्यालय
स्याङ्जा

पत्र संख्या :- ०७७/७८
चलानी नम्बर :- ४१८

मिति : २०७८/०३/१७

विषय :- भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा।

श्री प्रदेश अन्तर्गतका कार्यालय सबै
श्री स्थानीय तह सबै,
स्याङ्जा।

महालेखा नियन्त्रक कार्यालय, कोष व्यवस्थापन तथा प्रणाली विकास शाखाको च.न. ३६६ मिति २०७८/०३/१७ को पत्रबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१) र (२) अनुसार आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा १ साता अगाडी भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा मिति २०७८/०३/१५ को माननीय उपप्रधान तथा अर्थ मन्त्रिस्तरीय निर्णयबाट "प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/ नियमावलीको प्रतिकुल नहुने गरी कानुन तर्जुमा गर्न सक्ने" भएकोले सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु गराउनु भनि आएको हुँदा सोहि अनुसार हुने व्यहोरा जानकारीका लागि अनुरोध छ।

भुवन प्रसाद काफ्ले
प्रमुख कोष नियन्त्रक

प्रमुख कोष नियन्त्रक